राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/१०/२२ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/१०/२० गते

प्रस्तावहरुः

१. समपूरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा ।
२. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तरगत आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना/ कार्यक्रम सम्बन्धी २०८२/०८/२६ गते प्रकाशित प्रस्ताव आहानको सूचना अनुसार योजनाहरु माग गर्नुपर्ने ।

२. अन्य निर्णयहरु

निर्णयहरुः

१. समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तरगत आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना/ कार्यक्रम सम्बन्धी २०८२/०८/२६ गते प्रकाशित प्रस्ताव आह्वानको सूचना अनुसार तपसिलका योजनाहरु माग गर्ने।

**समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम**

| क्र.स. | आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/ क्रमागत | माग गरिएको रकम |
|---|---|---|---|---|
| १ | ताउले देखि पटौलीनाका बाटो स्तरोन्नती | १ | नयाँ | २ करोड |
| २ | जहरेदेखि जंग्रहवा हुँदै खांग्रानाका बाटो स्तरोन्नती | १ | नयाँ | ३ करोड |
| ३ | सुनछहारी देखि भैसाहीनाका बाटो स्तरोन्नती | १ | नयाँ | २ करोड |

**विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम**

| क्र.स. | आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/ क्रमागत | माग गरिएको रकम |
|---|---|---|---|---|
| १ | २ नं. वडा कार्यालय, जनज्योति मा.वि. र सालघारीमा तट्बन्धन | १ | नयाँ | १ करोड |
| २ | शंकर मा.वि. खरदरिया पर्खाल निर्माण | १ | नयाँ | १ करोड |
| ३ | मा.वि. दुलैया पर्खाल निर्माण | १ | नयाँ | १ करोड |

२. विविध

क) यस कार्यालयको सूचना प्रविधि अधिकृत छैटौं तह सेवा करारमा नियुक्त भई हालसम्म निरन्तर कार्यरत रहनु भएका शरद रेग्मीको स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि २०८२ बमोजिम २०८२ माघ १ गतेबाट लागुहने गरि अधिकृत स्तर छैटौ तहबाट अधिकृत स्तर सातौ तहमा पद कायम गरी सेवा निरन्तरता दिने ।

ख) राजपुर गाउँपालिका गाउँ युवा परिषद् कार्यविधि २०८० को दफा २० मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको युवा परिषद्को कार्यकारी प्रमुखको रुपमा नियुक्त भएका उपाध्यक्ष श्री प्रिन्स घर्तिको सेवासुविधा सम्बन्धमा इन्धन र खाजा खर्च बापत नियुक्ति भएको मिति देखि मासिक रु १०,०००/- उपलब्ध गराउने ।

ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको च.नं. NPJ-२८९१६ मिति २०८२/०९/१८ गतेको पत्रको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

१. गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूले बुझी लिएका बाइक, स्कुटर लगायतका सवारी साधनहरू तत्काल गाउँपालिकामा फिर्ता बुझाउने। साथै, कार्यालयको कामको लागि मात्र सम्बन्धित कर्मचारीले लगबुक भरी सवारी साधन बुझ्ने र काम सम्पन्न भएपछि अनिवार्य रूपमा सम्बन्धित कार्यालयमा फिर्ता बुझाउने व्यवस्था लागु गर्ने।

२. ज्यालाधारी कर्मचारी तथा प्रक्रिया नपुऱ्याई करारमा भर्ना भएका कर्मचारी सम्बन्धमा आगामी बैठकमा थप छलफल गरि निर्णय लिने ।

घ) यस गाउँपालिकामा कार्यरत बरिष्ठ लेखा अधिकृत श्री भरतमणि पोखेलको राजिनामा स्वीकृत हुने अन्तिम प्रकृयामा रहेकोले यस कार्यालयमा उक्त पद रिक्त हुने देखिएको हुँदा आर्थिक प्रशासन शाखासँग सम्बन्धित दैनिक कार्यसम्पादनमा असहजता उत्पन्न भएकाले अर्को व्यवस्था नहुँदासम्म अत्यावश्यक कार्य संचालन गर्नको लागि गढवा गाउँपालिकाका वरिष्ठ लेखा अधिकृत श्री खिमलाल वलीलाई कामकाज गर्न जिम्मेवारी तोक्ने। साथै आवश्यक सहजिकरणका लागि गढवा गाउँपालिका दाङलाई अनुरोध गरि पठाउने।

ङ) गाउँपालिका मार्फत विद्यालयलाई अनुदान प्रदान गरी नियुक्त गरि हालसम्म कामकाज गरिरहेको शिक्षकहरूको सेवासुविधा लगायत सेवा निरन्तरता सन्दर्भमा आवश्यक छलफल गरी आगामी कार्यपालिका बैठकमा निर्णय गर्ने।

च) राजपुर गाउँपालिकाको कार्यालयको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गतको बजेट तथा कार्यक्रमबाट राजपुर गाउँपालिमा सञ्चालनमा रहेका तपसिल बमोजिमका योजनाहरुको भेरियशन आदेश जारी गर्नका लागि कानुन बमोजिम प्राप्त कागजातहरु र निर्माणस्थल अध्ययन गरी सो अनुसार सार्वजनिक खरीद ऐन – २०६३ (दफा - ५४), सार्वजनिक खरीद नियमावलि - २०६४ (नियम - ११८) र प्रचलित कानुनको मातहतमा रहि भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरीयो।

तपसिलः-

| Name of work | Contract Identification Number | Name of Contractor | Origional Cost Estimate (NRs) ( Including VAT & PS Items) | Revised Cost Estimate (NRs) ( Including VAT & PS Items) | Origional Contract Amount (NRs) ( Including VAT& PS Items) | Revised Contract Amount (NRs) ( Including VAT & PS Items) | Variation Amount (NRs) ( Including VAT & PS Items) | Percentage Change in Contract Amount |
|---|---|---|---|---|---|---|---|---|
| सालघारी देखी तब्दारपुर सम्म नाली सहित स्तरउन्नत। | RRM/W/NCB/2/2082/083 | ARUNODAYA-ECPL JV | 4,996,214.56 | 6,098,906.57 | 3,716,628.74 | 4,282,739.53 | 566,110.79 | 15.23% |
| सालभौरी स्कूल देखि नौसहरा, करबलुवा, हतिहवा र महतिनिखोला सम्म नाली सहित बाटो स्तरोन्नती। | RRM/W/NCB/2/2082/083 | ARUNODAYA-ECPL JV | 4,993,079.69 | 5,502,903.77 | 3,682,274.73 | 4,072,050.15 | 389,775.42 | 10.59% |

छ) राजपुर गाउँपालिकाबाट आ.व. २०८१/०८२ मा संचालित योजना/कार्यक्रमको सामाजिक
परिक्षण गर्न स्वीकृत कार्यक्रम अनुसार श्री मल्टी सेक्टर इन्जिनियरिङ कन्सल्टेन्सी शान्तीनगर
दाङसँग भएको सम्झौता अनुसार उक्त कम्पनीले पेश गरेको ड्राप्ट रिपोर्ट माथि छलफल भयो।
सो सम्बन्धमा छलफल हुँदा ड्राप्ट रिपोर्ट तयार पार्ने काम सन्तोषजनक रुपमा तयार भएको
पाइयो । यसमा मूख्य तथा सामान्य भाषागत त्रुटीहरु सच्चाउने, फोटोहरु रङ्गिन बनाउने तथा
यसको अन्तिम प्रतिवेदनसंगै सफ्टकपी समेत बुझाउने गरी व्यवस्था गर्न सुझाव दिने ।